# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७५/०१/१२ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---------------------------------------------------

नेपाल बिद्युत प्राधिकरण, कलैया वितरण केन्द्र बारामा कार्यरत इन्जिनियर रत्नेशकुमार चौधरीले मिटरको बिद्युत क्षमता बढाउने(पावर अपग्रेड) प्रयोजनको लागि घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडा मकवानपुरबाट खटिइ गएको टोलीले निजलाई रु.९,५००/-(नौहजार पाँच सय) घुस वापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिइ अनुसन्धान हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको देखिन आएकोले निजलाई बिगो रु.९,५००/-(नौहजार पाँच सय) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(दीर्घराज मैनाली)
सह-सचिव एवं प्रवक्ता